मिति २०७१/०२/७

Sankalpa
संकल्प

# प्रेस विज्ञप्ति

२०७० चैत ३ गते लक्ष्मणपुर गा.वि.स नेपालगंजमा राती १० बजे **श्रीमान फरीद ढपालीले आफ्नी श्रीमती रेहाना शेख ढपाली** संग जर्बजस्ती यौन सर्म्पक गर्न खोज्दा पीडित महिलाले आफ्नो गर्भमा ८ महिनाको बच्चा रहेको कारणले यौन सर्म्पक राख्न नमाने पछि गालि गलौच तथा दाईजो कम ल्याएको भन्दै पिडित महिलालाई पछाडीवाट आएर आगो लगाइ ज्यान मार्ने उद्योग गरे पश्चात भारतमा लगेर उपचार गर्दा आफै जलेको भन्नु नत्र मारी दिन्छु भन्ने धम्की दिएको अवस्थालाई अवगत गराउदै निज पिडित महिलाको स्वास्थ्य अवस्था ठिक नभएको र स्थानिय वासिन्दाहरुले श्रीमानले आगो लगाउदा यस्तो भएको हो भन्ने वारे थाहा पाए पश्चात स्थानिय प्रहरी लयायत संघ संस्थाहरु समक्ष यो घटना जानकारीमा आएको थियो । यस घटनाका पिडितलाई औषधि उपचार गराउनको लागि सम्पुर्ण प्रकृया पुरागरी लैङ्गिक हिसां पीडित कोष बाट सहयोग लिई २०७१ वैशाख २२ गते दिउसो ३ बजे काठमाडौं वीर अस्पतालमा स्वास्थ्य उपचारको लागि ल्याइएको थियो । रेहानाको हाल विर अस्पतालको वर्न वार्डमा उपचार भईरहेको र अवस्था चिन्ताजनका रहेको छ ।

त्यसैगरी हिजो, नेपालगंज बाँके, जयसपुर १ का २० वर्षिय सद्दाम नाउले उनका दाई रियाज अलि नाउले पैसा नतिरेको रिसले रियाजका श्रीमती र छोराछोरीमाथि पेट्रोल छर्केर आगो लगाएका छन् । आगोले जलाएर सद्दामकी २५ वर्षीया भाउजु चाँदनी सल्मानी, छोरीहरु मरेम नाउ र रिहान नाउको तथा  छोरा रियाजुल नाउलाई ज्यान मार्ने कोसिस गरिएको हो ।

क्रमिक रुपमा बढ्दै गएको महिला माथिको हिंसाले समाजमा ब्यापकता पाएको छ । दाईजो, अन्तरजातिय विवाह, बहुविवाह जस्ता कारणले दिन प्रतिदिन महिला माथीको हिंसाले समाजमा चुनौति दिएको छ । यसरी दिन प्रतिदिन बढ्दै गएको महिलामाथिको हिंसा न्यूनिकरणकालागि संकल्प सरकारको ध्यानाकर्षण गर्दै महिला हिंसाका घटनालाई सम्वेदनशिलतापूर्वक लिन र पिडकलाई कानून बमोजिम दण्ड सजायको जोडदार माग  गर्दछ ।

 

**रेहाना शेख ढपालीको** निम्न अर्थिक अवस्था रहकोले **"संकल्प" ले** रेहानाको उपचारका लागि सहयोग स्वरुप अक्षररुपी रुपैया विस हजारको सहयोग गरेको छ।

भवदिय,

चन्दा देवी श्रेष्ठ राई
कार्यकारी निर्देशक

PO Box 279
Bakhundol, lalitpur, Nepal
Ph No: +977-1-5554158/5544612, 016912305
Email: Info@sankalpa.org.np